स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## कृषि विकास शाखा

हेलम्बु, सिन्धुपाल्चोक।

बागमती प्रदेश, नेपाल

सू.नं.:

सूचना! सूचना!! सूचना!!!

प्रकाशित मितिः २०८१/०७/२८ गते

हेलम्बु गाउँपालिका र चाइल्ड नेपालले सँगको साझेदारीमा संचालित नेपालमा जलवायु, बालबालिका र शिक्षाका लागि एकीकृत पहल परियोजना अन्तर्गत **श्री सरस्वती माध्यामिक विद्यालय (हेलम्बु-४, ग्यालथुम बजार), श्री महेन्द्र माध्यामिक विद्यालय (हेलम्बु-६, सुपारीटार) र एकीकृत सिकाई केन्द्र (हेलम्बु-४ ,चिलाउनेघारी)** मा **दिवा खाजा कार्यक्रम** संचालनमा रहेको छ। यसै सन्दर्भमा श्री महेन्द्र माध्यमिक विद्यालय र एकीकृत सिकाई केन्द्रमा करेसाबारी निर्माण गरी दिवा खाजा कार्यक्रमलाई सहयोग पुर्याउने र स्थानीय कृषि समूहको जीविकोपार्जनको लागि सहयोग पुर्याउने लक्ष्य राखेको छ। यस पहलले स्थानीय कृषकको आर्थिक स्थिति सुदृढ गर्दै विद्यार्थीहरुको पोषण सुरक्षामा योगदान दिने हुनाले विद्यालय नजिकका ईच्छुक कृषकहरुलाई २०८१ मंसिर ०९ गते भित्रमा नाम दर्ता गराउनुहुन आग्रह गरिन्छ। छनोटमा परेका कृषकहरुको समूह गठन गरी कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने योजना रहेकाले आवेदनका लागि आवश्यक कागजातहरु हेलम्बु गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरु:**

- सहभागिताको लागि आवेदन,
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साईजको फोटो २ प्रति,
- अन्य आवश्यक कागजातको प्रतिलिपि (उपलब्ध भएमा)

**(नोटः बाढीबाट प्रभावित जोखिममा परेका र सिमान्तकृत कृषकहरुलाई प्राथामिकता दिईनेछ।)**

**थप जानकारीको लागिः** हेलम्बु गाउँपालिकाको वेबसाईट www.helambumun.gov.np मा हेर्नुहुन तथा हेलम्बु गाउँपालिका कृषि विकास शाखामा ९८६०१६८१२०, ९८६२२०७८७३ सम्पर्क गर्न सक्नुहुनेछ।

.............................
राजुभाइ श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत